बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# उद्योग तथा वाणिज्य कार्यालय

सूर्यविनायक, भक्तपुर

राम प्रसाद कुस्मा
कार्यालय प्रमुख

पत्र.संख्या : २०८२/०८३
च.नं. : ३८८

## विषय: सीप विकास तालिम सम्वन्धि सूचना ।

(सूचना नं ३, प्रथम पटक प्रकाशित सूचना मितिः २०८२।०७।१६)

यस उद्योग तथा वाणिज्य कार्यालय भक्तपुरको आ.व. २०८२।८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत तपशिल वमोजिमका विभिन्न तालिम सञ्चालन हुने भएको हुदाँ तालिम लिई भविष्यमा उद्यम व्यवसाय गर्न इच्छुक व्यक्तिहरुले यो सुचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र यस कार्यालयमा आवेदन पेश गर्नहुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क) तपशिल

| क्र.स. | तालिमको विषय | प्राथमिकता दिईने लक्षित समुह |
|---|---|---|
| १ | थाङ्का बनाउने तालिम, चाँगुनारायण न.पा. भित्रका लाई मात्र | १. आर्थिक रुपले विपन्न सीमान्तकृत, पिछडिएका अल्पसङ्ख्यक र अपाङ्गता व्यक्तिहरु,<br>२. उद्यम गर्न इच्छुक नागरिक,<br>३. उद्यमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न चाहने लघु घरेलु तथा साना उद्यमीहरु,<br>४. परम्परागत रुपमा रहेको सीपलाई आधुनिक प्रविधिमैत्री बनाई व्यावसायिक दक्षता अभिवृद्धि गराउन चाहने व्यक्तिहरु,<br>५. वैदेशिक रोजगारीबाट फर्केका युवा जनशक्तिहरु |
| २ | हाते तानवाट कपडा बुनाई तालिम मध्यपुर थिमि न.पा. ७ भित्रका मात्र | |
| ३ | हस्तकला र सीपमुलक सम्वन्धि तालिम सूर्यविनायक नपा र भक्तपुर नपा भित्रका मात्र | |
| ४ | महिला उद्यमशीलता विकास तालिम सूर्यविनायक न.पा. र भक्तपुर न.पा. भित्रका मात्र | |
| ५ | आलुचिप्स, भुजिया, दालमोठ बनाउने तालिम भक्तपुर न.पा. र मध्यपुर थिमि न.पा. भित्रका मात्र | |
| ६ | महिलाहरुका लागि वारिष्टा तालिम चाँगुनारायण न.पा. र मध्यपुर थिमि न.पा. भित्रका मात्र | |

ख) **तालिम अवधिः** स्वीकृत बजेटको परिधिभित्र रही छोटो, मध्यम र लामो अवधि को रहनेछ ।

ग) **छनौट संख्याः** तालिम संचालन सम्वन्धी कार्यविधि २०८१ अनुसार छनौट हुनेछ ।

घ) **छनौट विधिः** व्यक्तिगत अन्तरवार्ता ।

ङ) **तालिम संचालन मिति र स्थानः** प्रशिक्षकको उपलब्धता, प्रशिक्षार्थीहरुको सामुहिक माग र बजेट परिधि भित्र रही पछि तय गरिनेछ ।

च) **प्रशिक्षार्थीको योग्यताः**

१. १६ वर्ष उमेर पुरा भएको नेपाली नागरिक हुनु पर्ने

२. शैक्षिक योग्यताः तालिमको प्रकृति अनुसार कार्याविधि उल्लेख भए बमोजिम ।

(छ) **पेश गर्नुपर्ने कागजातहरु:-**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

२. तालिमको विषय सम्वन्धी कुनै पेशा व्यवसाय सञ्चालन गरेको भए सोको दर्ता प्रमाणपत्र र स्तरोन्नती गर्ने योजना, रोजगारमा आवध्द भए त्यस्तो रोजगारदाता कम्पनीसंस्थाको सिफारिस समते संलग्न गर्न सकिने छ ।

३. पासपोर्ट साइजको दुईप्रति फोटो ।

४. तालिम पश्चातको व्यवसायिक योजना (संक्षिप्त बढीमा २ पेज)

नोटः- १) सि.नं. ४ को उद्यमशिलता विकास तालिम बाहेक अन्य तालिमहरु कार्यविधिको अनुसूची १ को विषयसँग सम्बन्धित हुनेछ ।

२) तालिम सम्बन्धी सम्पूर्ण क्रियाकलाप बागमती प्रदेश सरकारको तालिम सञ्चालन सम्बन्धी कार्याविधि, २०८१ अनुसार सञ्चालन गरिनेछ ।

३) निवेदनको ढाँचा कार्यालयको सेवाप्रवाह कक्ष, वेभसाइट बाट समेत प्राप्त गर्न सकिनेछ ।

४) प्रशिक्षार्थिलाई तालिममा सहभागि भए वापत कूनै शुल्क लाग्ने छैन ।

अनुसूची 2

(दफा १2 को उपदफा (४) सँग सम्बन्धित)

## निवेदन/दरखास्तको ढाँचा

**श्रीमान कार्यालय प्रमुख ज्यू**
**उद्योग तथा वाणिज्य कार्यालय, सूर्यविनायक, भक्तपुर ।**

महोदय

त्यस मन्त्रालय/निर्देशनालय/कार्यालय बाट मिति ....................................... मा प्रकाशित सूचना अनुसार सञ्चालन गरिने ........................................................................... विषयको सीपमूलक/उद्यमशीलता विकास तालिममा सरिक हुने मेरो इच्छा भएकोले निम्नानुसार व्यक्तिगत विवरण भरी संलग्न कागजातको प्रतिलिपि सहित यो निवेदन पेश गरेकी/गरेको छु ।

१. निवेदकको नाम थरः

२. निवेदकको ठेगानाः

क) स्थायी ठेगानाः

ख) अस्थायी ठेगानाः

ग) सम्पर्क टेलिफोन नं.

घ) इमेलः

3. उमेरः ............ वर्ष

४. लिङ्गः पुरुष/महिला

5. बैबाहिक स्थितिः विवाहित/अविवाहित/एकल

६. शैक्षिक योग्यताः

७. परिवारको किसिम र संख्याः एकल/संयुक्त, ...... जना

8. हालको पेशाः

9. परिवारको आय आर्जनको मुख्य श्रोतः

10. पारिवारिक स्वामित्वमा रहेको जग्गा र ठेगानाः

11. परिवारको अन्दाजी वार्षिक आम्दानी रु.

12. यस भन्दा अघि कुनै तालिम लिनु भएको छ/छैन ? ...................

यस अघि तालिम लिएको भए

क) तालिमको विषयः .....................................

ख) तालिमको अवधिः ....................................

ग) तालिम लिएको मितिः ..................................

घ) तालिम दिने संस्थाः ..................................

ङ) प्राप्त तालिमको उपयोग स्थितिः ..............................

च) स्वरोजगारीः .....................................................

छ) रोजगारी/ज्याला रोजगारीः ....................................

ज) घरायसी प्रयोजनमा सिमितः ................................................

झ) सदुपयोग छ/छैनः ........................................................

13. तालिम विना कुनै सीप जानेको भए सो सीपको व्यावसायिक उपयोग भएको छ ?

उपयोग भएको भए सो को अवस्थाः

क) स्वरोजगारी

ख) ज्याला रोजगारी

ग) घरायसी प्रयोजनमा उपयोग

घ) व्यवसायिक उपयोग छैन।

१४. यो तालिम लिन चाहनुको मुख्य कारणः

तालिम पश्चात यसै साथ संलग्न व्यवासयिक योजना अनुसार सीपको उद्यम/व्यवसाय/ रोजगारीमा प्रयोग गर्ने दृढ निश्चय गरेको/गरेकी छु।

...........................

आवेदकको सही

मितिः

**<u>संलग्न कागजात</u>**

१. नागरिकताको प्रमाणपत्रको प्रतिलिपी/पहिचान पत्रको प्रतिलिपी

२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी (एउटा मात्र)

३. तालिम पश्चातको व्यवसायिक योजना (संक्षिप्तमा बढीमा दुई पेज)